# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४ ) काठमाडौं, भदौ ६ गते २०५१ साल ( संख्या १६


## भाग ३

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा १० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

नेपाल अधिराज्यको मुस्ताङ जिल्लाको हकमा जिल्ला भू-संरक्षण अधिकृतको र अन्य ७४ (चौहत्तर) जिल्लाको लागि जिल्ला वन अधिकृतको एक सदस्यीय वन संरक्षण विशेष अदालत गठन गरिएको छ ।

वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ अन्तर्गतको आफ्नो जिल्लाको मुद्दा हेरी कारवाही किनारा गर्ने सोही विशेष अदालतलाई सुम्पिएको छ ।

उक्त विशेष अदालतले आफ्नो क्षेत्रभित्र जहाँसुकै पनि इजलास कायम गर्न सक्नेछ ।

खण्ड ३५ संख्या ४७ मिति २०४२।११।२७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव

225

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४४ संख्या ४ मिति २०५१।१।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम नेपाल अधिराज्यबाट निकासी हुने ऊनी गलैंचाको उत्पादनमा प्रयोग गर्नको लागि आयात गरिने कच्चा ऊन हाललाई वीरगन्ज भन्सारको नाका मार्फत मात्र आयात गर्न पाउने गरी नियन्त्रण गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४४ संख्या ४ मिति २०५१।१।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम नेपाल अधिराज्यबाट निकासी हुने ऊनी गलैंचाको उत्पादनमा प्रयोग गर्नको लागि आयात गरिने कच्चा ऊनको गुणस्तर तोकिएकोमा २०५१ साल श्रावण १७ गतेसम्म प्रतितपत्र खोलिसकेका आयातकर्ताहरूले आयात गरेको १२८ टाइप ४ इन्चदेखि ६ इन्चसम्मको ऊनलाई पनि साबिकबमोजिम नै गुणस्तर परीक्षण गराइ आयात गर्न दिने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारले खण्ड ४२, संख्या ३३, मिति २०४६।८।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना ३ को क्रमसंख्या १ मा रहेका "अमेरिकी डलर ५० सम्मको" भन्ने शब्दहरूको सट्टा "अमेरिकी डलर १०० (एक सय) सम्मको" भन्ने शब्दहरू राखी संशोधन गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
दुर्गाप्रकाश पाण्डेय
श्री ५ को सरकारको सचिव

२३०



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।